# संगठन सुदृढीकरण निर्देशिका, २०८०

**पृष्ठभूमिः**

नेपाल निजामती कर्मचारी संगठनलाई अझ सुदृढ र व्यवस्थित रूपमा सञ्चालन गर्ने तथा सबै कार्य समितिसँग सम्बन्ध स्थापित गरी आधारभूत तहमा कार्यरत संगठनका सदस्य र आम कर्मचारीका समस्या सुनुवाई गर्ने, प्राप्त सुझाव लिने, संगठनको सदस्यता बिस्तार एवम् नविकरण कार्यलाई थप व्यवस्थित गर्ने उद्देश्य सहित संगठन सदृढीकरण अभियान सञ्चालन गर्न आवश्यक भएकोले नेपाल निजामती कर्मचारी संगठनको विनियम, २०७९ को परिच्छेद- २ उपनियम (५) को खण्ड (१४) मा भएको ब्यवस्था अनुसार केन्द्रीय सचिवालय बैठकले **"संगठन सुदृढीकरण निर्देशिका- २०८०"** जारी गरेको छ। यो निर्देशिका संगठनको आवश्यकता र औचित्य अनुसार परिमार्जन हुनेछ ।

१. **संगठन सदृढीकरण अभियानमा सबै कार्यसमितिले देहायका विषय समावेश गरी क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।**

(१) सदस्यता बिस्तार तथा नविकरण,

(२) कर्मचारी कल्याण कोषको प्रभावकारी सञ्चालन,

(३) राष्ट्रसेवक सहकारी संस्था लि.हरूको प्रभावकारिता अभिवृद्धि हुने गरी अध्ययन, अवलोकन तथा सुधारको क्षेत्र पहिचान,

(४) गाउँपालिका तथा नगरपालिका स्तरको संगठन निर्माण तथा अधिवेशन,

(५) उपहार कार्यक्रम २०८० को कार्यान्वयन,

(६) संगठन र सहकारी संस्थाको चल अचल सम्पत्तिको अबस्था तथा प्रभावकारी उपयोग ।

**२. सदस्यता विस्तार तथा नविकरण सम्वन्धमा देहाय बमोजिम गर्नुपर्नेछ।**

(१) संगठनको सदस्यता प्रत्येक वर्ष साउन १ गतेदेखि असार मसान्तसम्मको हुनेछ र सदस्यता कायम रहन असोज मसान्तसम्म नविकरण गरिसक्नु पर्नेछ ।

(२) संगठनको विधान बमोजिम संगठनमा साधारण सदस्य र मानार्थ सदस्य गरी २ किसिमका सदस्य रहने छन्।

(३) संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सम्पूर्ण कर्मचारीहरूले संगठनको सदस्यता लिन सक्नेछन् ।

(४) निजामती सेवालाई सम्मानित र मर्यादित सेवा बनाउन रचनात्मक योगदान गर्ने सरकारी सेवाबाट निवृत्त, विदेशमा कार्यरत तथा सेवानिवृत्त कर्मचारीलाई राष्ट्रिय महाधिबेशन (केन्द्रीय कार्यसमिति) ले उचित ठानेमा मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

(५) संगठनको नयाँ सदस्यता प्राप्त गर्दा र सदस्यता नविकरण गर्दा देहाय बमोजिमको शुल्क लिई बाँडफाँट गर्नु पर्नेछ।

(क) सदस्यता नविकरण शुल्क रू.३०।- र सो को बाँडफाँटमा प्रारम्भिक कार्यसमितिलाई रू ५।-, जिल्ला/विभागीय कार्य समितिलाई रू ८।-, प्रदेश कार्यसमितिलाई रू.२।- र केन्द्रीय कार्यसमितिलाई रू.१५।- का दरले वितरण गरिने छ ।

(ख) नयाँ सदस्यता शुल्क रू. ५०।- र सो को बाँडफाँटमा प्रारम्भिक कार्यसमितिलाई रू. ५।-, जिल्ला /विभागीय कार्यसमितिलाई रू. १८।-, प्रदेश कार्यसमितिलाई रू. ५।- र केन्द्रीय कार्यसमितिलाई रू. २२।- का दरले वितरण गरिने छ।

(ग) वार्षिक रूपमा लेवी (नयाँ र नविकरण) एकमुष्ट रूपमा रू. ५०।- सो को बाँडफाँटमा प्रदेश कार्यसमितिलाई रू. ५।- र बाँकी रु ४५।- केन्द्रीय कार्यसमिति लाई हुने गरी वितरण गरिने छ ।

## ३. कर्मचारी कल्याण कोषका सम्बन्धमा ।

संगठनका सदस्यहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न वि.सं.२०७४ देखि स्थापित कर्मचारी कल्याण कोषलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था मिलाउनु पर्नेछ ।

(१) संगठनको नयाँ सदस्यता वितरण गर्दा र सदस्यता नविकरण गर्दा प्रति सदस्य रू. १००।- का दरले कल्याण कोषको लागि शुल्क लिनु पर्नेछ।

(२) संगठन मार्फत कर्मचारी कल्याण कोष खाता वेग्लै सञ्चालन गरिएको छ । त्यस खाताको सञ्चालन केन्द्रीय कार्य समितिका अध्यक्ष वा महासचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कर्मचारी कल्याण कोषका लागि प्राप्त भएको रकम र रकम जम्मा गर्ने सदस्यको नाम, थर, पद, कार्यालयको नाम, ठेगाना सहितको विवरण सम्वन्धित कार्य समितिको अध्यक्ष र कोषाध्यक्षले प्रमाणित गरी हिसाव सहितको विवरण केन्द्रीय कार्य समितिमा यथाशिघ्र पठाउनु पर्नेछ।

(४) कल्याण कोषमा आबद्ध, कर्मचारीको विवरण र सो वापतको रकम कोषको खातामा जम्मा भएको भौचर केन्द्रीय कार्य समितिका अध्यक्ष र कोषाध्यक्षले प्रमाणित गरेको मितिदेखि कल्याण कोषमा आबद्धता भएको मानिनेछ।

(५) कोषमा आबद्ध भएको सदस्यले आफु आबद्धता भएको पछिल्लो आर्थिक वर्षको असोज मसान्तसम्म सेवा सुविधा प्राप्त गर्न सक्ने छ ।

(६) कल्याण कोषमा आबद्ध सदस्यहरूले देहाय बमोजिमको सुविधा पाउनेछन् ।

क. दुर्घटनामा परी मृत्यू भएमा एक लाख पचास हजार रूपैयाँ,

ख. दुर्घटनामा परी पूर्ण असक्त अपाङ्ग भएमा पचास हजार रूपैयाँसम्म,

ग. दुर्घटनामा परी उपचार गर्नु पर्दा चिकित्सकको सिफारिस अनुसार बिल बमोजिमको बढीमा पच्चिस हजार रूपैयाँसम्म,

घ. चिकित्सकको प्रमाणित कागजात अनुसार मृगौला, मुटु, क्यान्सर, रेनल फेलर, अल्जाईमर, पार्किन्सन, हेड इन्जुरी, स्पाईनल ईन्जुरी, सिक्कल सेल एनिमिया र स्ट्रोक जस्ता रोगको उपचारको लागि एकमुष्ट पच्चिस हजार रूपैयाँ।

(७) सदस्यले पाउने सुविधाका लागि जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष र सचिवले किटानीका साथ केन्द्रीय कार्यालयमा सिफारिस पत्र पठाउनु पर्नेछ।

**४. राष्ट्रसेवक सहकारी संस्था लि.को प्रभावकारी सञ्चालन गर्न देहाय बमोजिम गर्नु पर्नेछ।**

(१) संगठनको केन्द्र, प्रदेश, जिल्ला/ विभागीय र गाउँपालिका तथा नगरपालिका स्तरका कार्यसमितिका पदाधिकारी/सदस्य अनिवार्य रूपमा राष्ट्रसेवक सहकारी संस्थाको शेयर सदस्य बन्नु पर्नेछ ।

(२) सम्बन्धित कार्यसमितिले मातहत संगठनका सबै सदस्यलाई राष्ट्रसेवक सहकारी संस्थाको सदस्य बन्न उत्प्रेरित गर्नु पर्नेछ।

(३) अभियानको सिलसिलामा राष्ट्रसेवक सहकारी संस्था लि.को सम्पत्ति, दायित्व लगायतको विवरण प्राप्त गर्नु पर्नेछ।

(४) राष्ट्रसेवक सहकारी सस्था लि.को सञ्चालक समितिको बैठक राख्न लगाउने, सहकारी संस्था एकिकरण र ब्यवसायिक योजनाका विषयमा छलफल गर्ने र सहकारी संस्थाको अबस्थाको वारेमा छलफल गरी देखिएको कैफियत सुधारको लागि सुझाव दिनु पर्नेछ।

(५) राष्ट्रसेवक सहकारी संस्था लि.दर्ता हुन बाँकी रहेका जिल्लामा संस्था दर्ताका लागि आवश्यक तयारी थाल्नु पर्नेछ।

## ५. गाउँपालिका तथा नगरपालिका अधिबेशनका सम्वन्धमा देहाय बमोजिम गर्नु पर्नेछ-

(१) मिति २०७९ फागुन १९-२० मा लुम्बिनीमा सम्पन्न संगठनको तेस्रो केन्द्रीय कार्य समितिको बैठकको निर्णय अनुसार सबै गाउँपालिका तथा नगरपालिकामा संगठनको कार्य समिति गठनलाई विशेष प्राथमिकतामा राखी काम गर्नु पर्नेछ ।

(२) २०८०असोज मसान्तसम्म गाउँपालिका तथा नगरपालिकामा वा कार्यालयमा कार्यसमिति गठन र अधिवेशन सम्पन्न गर्न प्रदेश कार्य समिति र जिल्ला कार्य समितिले प्रशिक्षण लगायतका कार्ययोजना बनाई क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्नु पर्नेछ।

## ६. उपहार कार्यक्रम २०८०

(१) उपहार कार्यक्रम २०८० को रसिद रु २००।- का दरले विक्रि वितरण गर्नुपर्ने साथै कार्य समितिले उपहार रसिद धेरै भन्दा धेरै वितरण गर्ने योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपहार कार्यक्रम २०८० मा उपहार विक्री गरी उपहार खोल्नु भन्दा अघिनै रकम पठाउने कार्य समितिले ४० प्रतिशत र उपहार खोलेको १ महिनाभित्र रकम पठाउने कार्य

समितिले ३५ प्रतिशत रकम कट्टा गरी बाँकी रकम समयमा नै पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) आगामी दिनमा उपहार कार्यक्रमको विकल्प भए सो समेत सुझाबमा समावेश गर्नु पर्नेछ ।

**७. संगठन र राष्ट्रसेवक सहकारी संस्था लि.को चल अचल सम्पत्तिको व्यवस्थाको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ ।**

(१) नेपाल निजामती कर्मचारी संगठन र राष्ट्रसेवक सहकारी संस्था लि.को नाममा रहेको चल, अचल सम्पत्ति र त्यसको उपयोगको अबस्थाको विस्तृत विवरण संकलन गर्नुपर्ने तथा त्यस्तो सम्पत्तिको विवरण सहित केन्द्रीय कार्य समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) संगठनको केन्द्रीय कार्यालयले विभिन्न तहका कार्यसमितिबाट प्राप्त विवरणलाई एकीकृत गरी बृहत् प्रतिवेदन निर्माण गर्नु पर्नेछ।

**८. अभियान सहजकर्ताले देहाय बमोजिमको जिम्मेवारी पूरा गर्नुपर्नेछ ।**

(१) अभियानको क्रममा पालिका वा कार्यालयमा जाँदा कार्यालयमा आएका सेवाग्राहीसँग अनुसूची-२ बमोजिमको सेवा प्रवाह सन्तुष्टि फाराम भरि सेवा प्रवाहको सन्तुष्टि सर्भेक्षण गरी पृष्ठपोषण लिनु पर्नेछ।

(२) संगठनमा युवा कर्मचारीको आकर्षण वृद्धि गर्न युवा डवली कार्यक्रम **"युवासँग कर्मचारी संगठन"** अभियान सञ्चालन गर्नु पर्नेछ ।

(३) संगठनका पदाधिकारी तथा साधारण सदस्यहरूलाई दैनिक कार्यालयमा आउने सेवाग्राहीप्रति शिष्टाचारका रूपमा **"नमस्कार अभियान"** र जनआकांक्षा अनुरूप **"शीघ्र सेवा, तीव्र विकास"**को नीति कार्यान्वयन गर्न छलफल गराउनु पर्नेछ ।

(४) संगठनको सम्वन्धित कार्य समितिको बैठक राखि हालसम्मको कामको समिक्षा गर्नु गराउनु पर्नेछ।

(५) संगठनको एघारौं महाअधिवेशनपछि प्रदेश, जिल्ला/ विभागीय र पालिका कार्य समितिको बैठक नियमित वा आवश्यकता बमोजिम बसेको हो, विश्लेषण गरी सुझाव दिनु पर्नेछ ।

(६) प्रत्येक संघीय कार्यालय, प्रदेशस्तरका कार्यालय, गाउँपालिका तथा नगरपालिकाका  कार्यालयमा अनिवार्य रूपमा उपस्थित भएर सदस्यता नविकरण तथा वितरण, राष्ट्रसेवक सहकारीको उद्देश्य, लक्ष्य र महत्वको वारेमा छलफल गर्दै सदस्यता लिन र सदस्यता वृद्धि गर्न उत्प्रेरित गर्नु पर्नेछ।

(७) सबै कार्यालय, गाउँपालिका तथा नगरपालिकामा उपस्थित भई भेटघाट र सहजीकरणबाट प्राप्त पृष्ठपोषणको वारेमा छलफल गर्नु पर्नेछ, संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐन लगायतका ऐन कर्मचारीमैत्री, ट्रेड युनियनमैत्री जारी गर्न सरकारलाई दवाव दिन आन्दोलनको अपरिहार्यताको विषयमा प्रष्ट गर्नु पर्ने र सम्बन्धित कार्यसमितिको बाँकी बक्यौता विवरण वारे छलफल गरी असूलीमा जोड दिनु पर्नेछ।

(८) जिल्ला/विभागीय इन्चार्ज र सह-इन्चार्जले सहजकर्तासँग समन्वय गरी गाउँपालिका तथा नगरपालिका कार्यसमिति गठन गर्नु पर्नेछ र कार्यालयहरूमा प्रारम्भिक कार्य समिति गठन गर्ने वातावरण बनाँउन सहयोग गर्नु पर्नेछ ।

(९) जिल्ला/विभागीय इन्चार्ज र सह-इन्चार्जले गाउँपालिका तथा नगरपालिकामा र कार्यालयमा सम्बन्धित कार्य समितिमा संगठनको बैठक गर्नु पर्नेछ र लिखित सल्लाह सुझाव लिनुपर्ने छ । उक्त बैठकमा सकेसम्म केन्द्रीय सहजकर्तालाई उपस्थित गराउनु पर्नेछ।

(१०) संगठनले सञ्चालन गरेको कर्मचारी कल्याण कोषको महत्वका बारेमा सबै सदस्यहरूलाई जानकारी गराउनु पर्नेछ ।

(११) संगठनले हालसम्म प्राप्त गरेका महत्वपूर्ण प्रमुख उपलब्धीको वारेमा आम सदस्यहरूलाई जानकारी गराउनु पर्नेछ।

(१२) गाउँपालिका, नगरपालिका तथा प्रारम्भिक कार्य समितिमार्फत जिल्ला/विभागीय,प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिले गरेका सांगठनिक क्रियाकलापका वारेमा सुझाव लिनु पर्नेछ।

(१३) राष्ट्रसेवक सहकारी संस्था लि.को सुदृढीकरणका लागि **"समृद्धिको लागि, सहकारी अभियान"** मार्फत शेयर सदस्य विस्तार गर्नु पर्नेछ, सहकारीका वैठक राख्ने, साधारण सभा सम्पन्न नभएका जिल्लाको साधारण सभा सम्पन्न गराउन उत्प्रेरित गर्नुपर्नेछ र सहकारी दर्ता हुन नसकेका जिल्लाहरू महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, रुकूम पूर्व, मुगु र डडेल्धुरामा सहकारी दर्ता अभियानमा सरिक हुनु पर्नेछ, अन्य ट्रेड युनियनले संचालन गरेका सहकारीको अवस्था वारेमा समेत जानकारी लिनु पर्नेछ ।

(१४) आधिकारिक ट्रेड युनियन निर्वाचनको तयारीको लागि संगठन र प्रतिस्पर्धी ट्रेड युनियनको अवस्था विश्लेषण गर्नु पर्नेछ।

(१५) अभियानको क्रममा सहजकर्ताले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकार, कार्यालय प्रमुख र जिल्लाभित्र रहेका जनप्रतिनिधिहरूसँग भेटघाट, छलफल र सल्लाह सुझाव लिनुपर्नेछ ।

(१६) सहजकर्ताले समयावधी समाप्त भएको मितिले १५ दिनभित्र अनिवार्य रूपमा केन्द्रीय कार्यालयमा अनुसुची १ बमोजिम प्रतिवेदन बुझाउनु पर्नेछ ।

९. नेपाल निजामती कर्मचारी संगठनले सञ्चालन गर्ने **"संगठन सुदृढीकरण अभियान २०८०"** मा सहजकर्ताको रूपमा जिल्ला/विभागीय कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारीलाई जिम्मेवारी प्रदान गरिनेछ र अभियानको सहजकर्ताले प्रदेश, जिल्ला/विभागीय कार्यसमितिसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

| क्र. सं. | जिल्ला/ विभागीय | सहजकर्ताको पद | सहजकर्ताको नाम, थर |
|---|---|---|---|
| १. | ताप्लेजुङ, पाँचथर, ईलाम र झापा | | |
| २. | संखुवासभा, भोजपुर, तेह्रथुम र धनकुटा | | |
| ३. | सुनसरी, मोरङ र उदयपुर, | | |
| ४. | खोटाङ्ग, ओखलढुंगा र सोलुखुम्बु | | |
| ५. | सप्तरी, सिराहा, धनुषा र महोत्तरी | | |
| ६. | सर्लाही, रौतहट, वारा र पर्सा | | |
| ७. | सिन्धुली, रामेछाप, दोलखा र सिन्धुपाल्चोक | | |
| ८. | रसुवा, नुवाकोट र धादिङ | | |
| ९. | चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र मकवानपुर | | |
| १०. | काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रेपलान्चोक | | |
| ११. | मुस्ताङ, म्याग्दी, वागलुङ र पर्वत | | |
| १२. | गोरखा, लमजुङ र मनाङ | | |
| १३. | तनहुँ, कास्की र स्याङजा | | |
| १४. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रूपन्देही, कपिलवस्तु र रोल्पा | | |
| १५. | दाङ, सल्यान, रुकूम पश्चिम र रुकूम पूर्व | | |
| १६. | पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान | | |

| क्र. सं. | जिल्ला/ विभागीय | सहजकर्ताको पद | सहजकर्ताको नाम, थर |
|---|---|---|---|
| १७. | बाँके, बर्दिया, डोल्पा र हुम्ला | | |
| १८. | जाजरकोट, सुर्खेत र दैलेख | | |
| १९. | कालीकोट, जुम्ला र मुगु | | |
| २० | बझाङ, बाजुरा, अछाम र डोटी | | |
| २१. | कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला | | |
| २२. | सर्वोच्च अदालत, महालेखा परिक्षकको कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, संघीय संसद सचिवालय, लोकसेवा आयोग र निर्वाचन आयोग | | |
| २३. | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थ मन्त्रालय, खानेपानी मन्त्रालय, गृह मन्त्रालय, महालेखानियन्त्रकको कार्यालय, महिला, वालवालिका तथा ज्येष्ठ मन्त्रालय र वन तथा वातावरण मन्त्रालय | | |
| २४. | प्राकृतिक स्रोत तथा वित्त आयोग, सहरी विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय | | |

| क्र. सं. | जिल्ला/ विभागीय | सहजकर्ताको पद | सहजकर्ताको नाम, थर |
|---|---|---|---|
| २५. | कानुन, न्याय तथा संसदीय मामीला मन्त्रालय, राष्टपतीको कार्यालय, राष्ट्रिय योजना आयोग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उपराष्ट्रपतीको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | |
| २६. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रक्षा मन्त्रालय राष्ट्रिय महिला आयोग, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र अख्तियार दूरूपयोग अनुसन्धान आयोग | | |

जिल्ला/विभागीय कार्य समितिका इञ्चार्ज र सह-इञ्चार्ज लाई अभियान अवधिभरका लागि सम्बन्धित जिल्लाका गाउँपालिका तथा नगरपालिका कार्य समितिमा सहजकर्ताको जिम्मेवारी प्रदान गरिएको छ र विभागीय इञ्चार्ज - सह इञ्चार्जलाई प्रारम्भिक कार्यसमितिमा सहजकर्ताको जिम्मेवारी प्रदान गरिएको छ ।

## १०. संगठनको सदस्यले अनिवार्य रूपमा गर्नुपर्ने काम, कर्तव्य र आचरण देहाय बमोजिम हुनेछ।

१. संगठनका सदस्यले कार्यालयमा आउने सेवाग्राहीको काम छिटो छरितो सम्पन्न गर्न **"शीघ्र सेवा तीव्र विकास"** को कार्यनीतिलाई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

२. कार्यालयमा आउने सेवाग्राहीलाई सामाजिक संस्कारको रूपमा मुस्कान सहित **"नमस्कार"** गर्नु पर्नेछ।

३. कार्यालयको योजना, आर्थिक प्रशासन तथा जिन्सीमा काम गर्ने कर्मचारीले कामलाई चुस्त दुरुस्तरूपमा व्यवस्थित गर्नु पर्ने र तुलनात्मक रूपमा अरु कर्मचारी भन्दा उत्कृष्ट काम गर्नु पर्नेछ ।

४. आफु कार्यरत कार्यालयमा कम्तिमा एउटा नमूना काम गर्न पहल गर्नु पर्नेछ।

५. संगठनका गाउँपालिका तथा नगरपालिका कार्य समितिले हरेक महिना नियमित बैठक राख्नु पर्नेछ र कर्मचारीका गुनासो सुन्ने, समाधानका लागि आवश्यक पहल गर्नु पर्नेछ ।

६. संगठनका जिल्ला/ विभागीय कार्य समितिले हरेक महिना फरक स्थान वा गाउँपालिका तथा नगरपालिकामा बैठक राख्नु पर्नेछ र त्यहाँका कर्मचारीका गुनासो सुन्ने साथै समाधानका लागि आवश्यक पहल गर्नु पर्नेछ ।

७. जिल्ला/विभागीय कार्यसमितिका अध्यक्ष तथा पदाधिकारी महिनाको कम्तिमा एक पटक गाउँपालिका तथा नगरपालिका वा जिल्ला/विभागीय कार्यसमिति अन्तर्गतका कार्यालयमा जानु पर्नेछ र संगठकसँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

८. प्रदेश कार्यसमितिका अध्यक्ष लगायत पदाधिकारीले वर्षमा दुई पटक आफ्नो प्रदेश भित्रका जिल्ला/विभागीय कार्यसमितिको अनुगमन गर्नु पर्ने, समस्या सुन्ने र समस्या समाधानको लागि सहजीकरण गर्न क्रियाशिल हुनु पर्नेछ।

९. जिल्ला/विभागीय कार्य समितिको इञ्चार्ज, सह-इञ्चार्ज, केन्द्रीय आयोगका सदस्यहरू जिल्ला/विभागीय कार्यसमितिको बैठकमा अनिवार्य उपस्थित हुनु पर्नेछ र जिल्ला भित्र गाउँपालिका तथा नगरपालिका र जिल्ला/ विभागीय कार्यसमिति अन्तर्गतका कार्यालयमा वर्षको न्युनतम २ पटक उपस्थित भएर सांगठनिक गतिविधिको अनुगमन, मूल्याङ्कन, सहजिकरण गर्नु पर्नेछ र सोको प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

१०. प्रदेश कार्यसमितिको इञ्चार्जले वर्षमा कम्तिमा दुईपटक आफ्नो प्रदेश भित्रको जिल्ला/विभागीय कार्यसमितिमा उपस्थित हुनु पर्नेछ र सांगठनिक गतिविधिको अनुगमन, मूल्याङकन, सहजिकरण गर्ने र सोको प्रतिवदेन केन्द्रमा गर्नु पर्नेछ ।

११. केन्द्रीय कार्य समितिका पदाधिकारीले सबै सदस्यका समस्या सुन्नु पर्नेछ, आफु कार्यरत कार्यालयमा कुनै नमूना कामको लागि आबश्यक पहल गर्नु पर्नेछ, आम कर्मचारीका समस्या समाधनको लागि सम्बन्धित निकायमा पहल गर्नु पर्नेछ र गुनासो ब्यवस्थापन समितिलाई जानकारी समयमै जानकारी गराउनु पर्नेछ ।

१२. असल ट्रेड युनियन संस्कार, संस्कृतिमा जोड दिने र संयुक्त ट्रेड युनियन आन्दोलनलाई नेतृत्व प्रदान गर्नु पर्नेछ ।

१३. भएका निर्णय र सम्पन्न कार्यक्रम माथिल्लो कार्यसमितिमा नियमित प्रतिवेदन गर्नु पर्नेछ ।

हार्दिक अभिवादन सहित धन्यवाद ।।

स्वीकृती मिति- २०८० भाद्र ११ गते

## अनुसुची- १

# नेपाल निजामती कर्मचारी संगठन

केन्द्रीय कार्यसमिति, बबरमहल, काठमाडौं

### संगठन सुदृढीकरण अभियानमा सहजकर्ताले भर्नुपर्ने फाराम

१. **जिल्ला/विभागीय कार्यसमितिः-**

२. **सहजकर्ताको नाम, थरः-**

३. **प्रदेश इन्चार्जः-**

४. **जिल्ला/विभागीय इञ्चार्जको नाम, थरः-**

५. **जिल्ला/विभागीय सह-इञ्चार्जको नाम, थरः-**

६. **जिल्ला/वभिागीय कार्यसमितिको अध्यक्षको नाम, थरः-**

७. **अभियानको वारेमा जानकारी गराउन विस्तारित बैठक वा भेला आयोजना मितिः-**

८. **बैठकमा उपस्थित संख्याः-**

| प्रदेश इञ्चार्ज | जिल्ला/विभागीय इञ्चार्ज | जिल्ला/विभागीय सह- इञ्चार्ज | प्रदेश अध्यक्ष वा पदाधिकारी |
|---|---|---|---|
| | | | |

९. **सदस्यताः-**

क. सदस्य हुन पाउने कूल कर्मचारीको संख्याः-

ख. अधिवेशनको बेला संगठनको सदस्य संख्याः-

ग. हालसम्म नविकरण भएको सदस्य संख्याः-

घ. नविकरण गरी केन्द्रमा पठाएको नपठाएकोः-

ङ. कल्याण कोषमा आवद्ध सदस्य संख्या

च. नविकरण गर्न सकिने सम्भावित सदस्य संख्याः-

छ. कार्यसमितिको हालसम्मको बैठक संख्याः- नियमित [ ]
सचिवालय [ ] विस्तारित [ ]

ज. बैठकमा प्राप्त भएका महत्वपूर्ण सुझावः-

झ. कल्याण कोषबाट लाभान्वितको नाम, थर.............................

कार्यालय ............................ सहयोग रकम ....................

## १०. जिल्ला/विभागीय कार्यसमितिले हालसम्म सञ्चालन र सम्पन्न गरेका मूख्य मुख्य कार्यक्रमहरुः-

क)

ख)

ग)

घ)

## ११. उपहार कार्यक्रमको अवस्थाः-

क) गतवर्ष विक्री भएको संख्याः- [ ]

ख) यस वर्ष विक्री हुने संख्याः- [ ]

## १२. जिल्लाको पालिकागत विवरण

| सि. नं. | जिल्ला | पालिकाको नाम | अधिवेशन मिति | कार्यसमिति गठन मिति | पालिकामा सदस्य हुन पाउने संख्या | सदस्य संख्या | पालिका अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## १३. केन्द्रमा पठाउन बाँकी बक्यौता

**क. २०७८ भन्दा अगाडिको रकमः-** [ ]

**ख. २०७८ भन्दा पछाडिको रकम :-** [ ]

**१४. बक्यौता रकम रहनुको कारण :-**

**१५. निवर्तमान कार्यसमितिबाट वरवुझारथ भए ☐ नभएको ☐**

**१६. अन्य कुनै विषय भए उल्लेख गर्नेः-**

**१७. प्रदेश, जिल्ला/विभागको प्रकाशनको नामः-**

**१८. अन्य रचनात्मक कार्य भए :-**

**१९. राष्ट्रसेवक सहकारी संस्था लि. सञ्चालनको अवस्थाः-**

क) संस्थाको नामः

ख) अध्यक्ष्यको नाम, थरः

ग) शेयर सदस्य संख्याः- महिला ☐ पुरुष ☐ संस्थागत ☐

घ) कूल सम्पत्ति दायित्वः-

ङ) सहकारीको साधारण सभा सम्पन्न मितिः-

च) संगठनका केन्द्र, प्रदेश, जिल्ला/विभागीय कार्यसमितिका पदाधिकारी सदस्य, सहकारीको शेयर सदस्य भए/नभएको

छ) सहकारी बैंक, अन्य सहकारी संघ/संस्थामा आबद्धता

१.

२.

३.

ज) नेपाल निजामती कर्मचारी संगठन र राष्ट्रसेवक सहकारी संस्था लि. वीचको अन्तर सम्बन्ध

झ) सहकारी सुदृढीकरणका लागि संगठन र सहकारी दुवैको संयुक्त बैठकः- भएको ☐ नभएको ☐

ञ) सहकारी संस्था लि.को कर्मचारीको नाम, थरः-

ट) राष्ट्रसेवक सहकारीबीच एकीकरणको सम्भावनाः-

ठ) सम्भावित व्यवसायिक योजनाः-

ड) सहकारी संस्थाले हाल गरेको कारोबारः-

**२०. संगठन/सहकारीको घर/जग्गाको विवरण (क्षेत्रफलसहित) :-**

क) संगठनको नाममाः-

ख) सहकारीको नाममाः-

**२१. समस्या/गुनासोः-**

क)

ख)

ग)

**२२. समाधानको उपायः-**

**२३. सुझावहरुः-**

क)

ख)

**२४. सहजकर्ताको सुझावः-**

**<u>प्रतिवेदन प्रस्तुतकर्ता</u>**

नाम, थरः-

पदः-

दस्तखतः-

मितिः-

अनुसूची-२

# नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमिति

## बबरमहल, काठमाण्डौ

# सेवाप्रवाह सन्तुष्टि फाराम

सेवाग्राहीको नाम, थर [ ]

सेवाग्राही- महिला [ ] पुरुष [ ] अन्य [ ]

उमेर [ ] शिक्षा [ ] ब्यवसाय [ ]

ठेगाना जिल्ला [ ] गा.पा/न.पा. [ ]

वडा नं. [ ]

सम्पर्क नम्वर [ ] मिति [ ]

---

१. कार्यालयमा के कामले आउनुभएको थियो [ ]

२. कार्यालयबाट प्रदान गरिने सेवा वा कामको वारेमा तपाईलाई थाहा
छ [ ] छैन [ ]

३. तपाईले यस कार्यालयवाट प्राप्त गर्न खोज्नु भएको सेवा प्राप्त
भयो [ ] भएन [ ]

४. यहि कामको लागि कति पटक आउनु भयो [ ]

५. तपाईको काम सम्पन्न नभएको भए किन भएन

क. सेवा लिनको लागि आवश्यक कागजात नभएर [ ]

ख. सेवामा लाग्ने दस्तुर नभएर [ ]

ग. सेवा प्रवाह गर्ने/कार्यालय प्रमुख वा कर्मचारी नभएर [ ]

घ. प्रक्रिया नमिलेर [ ]

ङ. अन्य [ ]

६. नागरिक वडापत्रमा तोकिएको समयमा सेवा प्राप्त
भयो [ ] भएन [ ]

७. कर्मचारीले तपाईले सोधेको विषयमा आवश्यक जानकारी दिनु
भयो [ ] भएन [ ]

८. तपाईले कार्यालयवाट सेवा प्राप्त गर्न तोकिएको शुल्क भन्दा बढी रकम तिर्नु भयो [ ] भएन [ ]

९. निम्नकुराहरुमा तपाईको धारणा ।

| सि.नं. | विषय | राम्रो | ठिकै | नराम्रो |
|---|---|---|---|---|
| १. | सेवा प्राप्त गर्न लाग्ने समय | | | |
| २. | कार्यालयको भौतिक पूर्वाधार, शौचालय, परिसर, क्यान्टीन आदी | | | |
| ३. | सेवा शुल्क/दस्तुर | | | |
| ४. | कर्मचारीको सेवाग्राही प्रतिको ब्यबहार | | | |
| ५. | कर्मचारी पहिचान हुने ड्रेस र परिचयपत्र | | | |
| ६. | गुनासो सुनुवाइको ब्यबस्था | | | |

१०. कार्यालयको समग्र काम कारवाही र सेवा प्रवाह तपाईलाई कस्तो लाग्यो ।

राम्रो [ ] ठिकै [ ] नराम्रो [ ]

११. कर्मचारी ट्रेड युनियनको वारेमा तपाईलाई थाहा
छ [ ] छैन [ ]

१२. कर्मचारी ट्रेड युनियनको वारेमा तपाईको धारणा

१३. अन्य

# नेपाल निजामती कर्मचारी संगठन कर्मचारी कल्याण कोष निर्देशिका, २०७४

**प्रस्तावना** : नेपाल निजामती कर्मचारी संगठनको उद्देश्य पूर्तिका लागि संगठनका सदस्यको आर्थिक सहयोगार्थ कर्मचारी कल्याण कोष सञ्चालन गर्न आवश्यक भएको हुँदा नेपाल निजामती कर्मचारी संगठन, विनियम, २०७४ को परिच्छेद १ नियम (२) (१४) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिले "कर्मचारी कल्याण कोष निर्देशिका, २०७४" जारी गरेको छ।

## परिच्छेद – १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो विनियमावलीको नाम "कर्मचारी कल्याण कोष निर्देशिका, २०७४" रहेको छ।

(२) यो निर्देशिका संगठनको केन्द्रीय कार्य समितिले पारित गरे पछि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) "संगठन" भन्नाले नेपाल निजामती कर्मचारी संगठनलाई बुझ्नु पर्दछ।

(२) "विधान" भन्नाले नेपाल निजामती कर्मचारी संगठनको, विधान, २०६४ (नवौं संशोधन, २०७३)लाई सम्झनु पर्दछ।

(३) "कोष" भन्नाले नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिले सञ्चालन गरेको कर्मचारी कल्याण कोषलाई सम्झनु पर्दछ।

(४) "समिति" भन्नाले नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिलाई सम्झनु पर्दछ ।

(५) "खर्च गर्ने निकाय" भन्नाले कोषको खर्च गर्ने निकाय नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समिति हुनेछ ।

(६) "दुर्घटना" भन्नाले यातायातको सवारी साधनबाट दुर्घटना, लडेको, खोला, नदी, तालमा परेको वा बगाएको, सर्पदंशमा परेको, अन्य विषालु किराको टोकाई, वन्यजन्तुको आक्रमणमा परेको, आगजनीमा परेको, आक्रमणमा परेको, विद्युतीय करेन्टमा परेको, दुर्घटनामा परी ठूलो घाउचोट लागेकालाई बुझिने छ ।

(७) "पूर्ण अपाङ्ग वा पूर्ण अशक्त" भन्नाले सधै वेडरेष्ट गर्नुपर्ने, शरीरको आधा अङ्ग नचल्ने गरी प्यारालाइसिस भएको, आफै हिँडडुल गर्न नसक्ने, सधै अर्काको सहारामा मात्र बाँच्नु पर्ने अवस्थालाई बुझिने छ ।

## परिच्छेद – २

## कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **कोषको सञ्चालन र ब्यवस्थापनः** (१) कोषमा जम्मा गरिने रकम र खर्चः

(क) विधानको दफा ८ बमोजिमका कर्मचारीले संगठनको सदस्यता लिदा वा नविकरण गर्दा प्रति सदस्य रु. १००।- (एकसय) का दरले रकम जम्मा गर्न सक्नेछन् ।

(ख) यस निर्देशिका बमोजिम जम्मा हुने रकमका लागि नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको नाममा "कर्मचारी कल्याण कोष" खाता सञ्चालन गरिने छ । सो खाताको सञ्चालन संगठनका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त हुने सहयोगको रकम पनि यस कोषमा जम्मा गर्न सकिने छ।

(घ) समितिले विभिन्न आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुन आएको रकम कोषको खातामा जम्मा गर्न सक्नेछ।

(ङ) उप-निर्देशिका (१)(क) बमोजिम जम्मा भएको रकम कल्याण कोषमा आवद्ध संगठन सदस्यको दुर्घटनामा परी मृत्यु भएमा, स्थायी अशक्तता भएमा र अंगभंग भई उपचार गराउनु पर्दा मात्र खर्च गरिनेछ।

(च) उप-निर्देशिका (१)(क) बमोजिम जम्मा भएको रकमलाई कोषको खातामा छुट्टै शीर्षकमा रकम जम्मा गरेर राख्ने र उप- उपनिर्देशिका (१)

(घ) बमोजिम उक्त शीर्षकबाट खर्च गर्नु पर्नेछ।

(२) कोषको रकम लगानी सम्वन्धमा : बहालवाला निजामती कर्मचारीहरूको हितको लागि देहायका कार्यहरूमा समितिले कोषको रकम लगानी तथा प्रयोग गर्न सक्नेछ :

(क) लगानी गर्न सकिने कार्य क्षेत्र :

(अ) कर्मचारी आवास,

(आ) पेट्रोल पम्प सञ्चालन,

(इ) विद्यालयहरू सञ्चालन,

(ई) हाइड्रो पावरमा लगानी,

(उ) बहालवाला र निबृत्त कर्मचारीहरूलाई सहभागी गराई आयमूलक कार्यहरू सञ्चालन

(ऊ) समितिको निर्णयानुसार अन्य कार्यहरू।

## परिच्छेद – ३

# कोषको बजेट तथा कार्यक्रम र खर्च सम्बन्धी व्यबस्था

४. **कोषको बजेट तथा कार्यक्रम र खर्च** : (१) वार्षिक अनुमानित आय-व्यय विवरण तयार गर्ने र स्वीकृत गर्ने :

(क) समितिले आगामी आर्थिक वर्षमा सञ्चालन गरिने कल्याणकारी कार्य, आयमूलक कार्य तथा कल्याणकारी योजनाको सम्बन्धमा प्राथमिकता तथा नीतिगत लक्ष्य निर्धारण गरी कल्याणकारी योजना तयार गरी वार्षिक योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्नेछ।

(ख) समितिले वजेट तथा कार्यक्रम तयार गर्दा प्रदेश, जिल्ला/विभागीय कार्य समितिहरूसँग राय, परामर्श लिन सक्ने छ।

(२) कोषको लेखाको ढाँचा : कोषको दैनिक आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ। कोषमा पाउनु पर्ने रकम वा सोधभर्ना लिनुपर्ने रकमको विवरण मासिक रुपमा तयार गर्नु पर्नेछ।

(३) विवरण पेश गर्ने : कल्याण कोषमा भएको आम्दानी खर्च तथा निकासा भएको रकमको विवरण मासिक रुपमा तयारी गरी संगठन केन्द्रको वेभसाईडमा सार्वजनिक गर्नु पर्नेछ र सो समितिको वैठकमा कोषको छुट्टै आम्दानी खर्चको विवरण पेश गर्नुपर्ने छ।

(४) बरबुझारथ : कोषको आम्दानी खर्चको विवरण, वील भपाईकासाथ बैंक विवरण र नगद हिसाव कोषाध्यक्षले आफु कुनै पनि किसिमले कोषाध्यक्ष पदबाट मुक्त भएको १५(पन्ध्र) दिनभित्र समितिले तोकेको कोषाध्यक्ष वा सह-कोषाध्यक्ष वा सदस्यलाई बरबुझारथ गर्नुपर्ने छ।

## परिच्छेद – ४

# कल्याण कोषमा आवद्धता र सुविधा सम्वन्धी व्यवस्था

५. **कल्याण कोषमा आवद्धता र सुविधा** : (१) कल्याण कोषमा आवद्धता :

(क) संगठन विधान अनुसारको सदस्यता लिन योग्य व्यक्तिले संगठनको सदस्यता लिंदा वा नविकरण गर्दा कल्याण कोष वापत भुक्तानी गरेको रु. १००।- (एक सय) रकम र सो सदस्यको नाम, थर, ठेगाना, पद र कार्यालय सहितको विवरण सम्बन्धित जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष र कोषाध्यक्षले प्रमाणित गरी हिसाव विवरण सहित समितिमा पठाउनु पर्ने छ।

(ख) कल्याण कोष वापतको रकम कोषको खातामा जम्मा भएको वैंक भौचर र विवरण समितिका अध्यक्ष र कोषाध्यक्षले प्रमाणित गरेपछि मात्र प्रमाणित गरेको मितिदेखि कल्याण कोषमा आवद्धता भएको मानिने छ।

(ग) कल्याण कोषको रकम पठाउँदा निजको सदस्यता शुल्क वापत समितिमा पठाउनु पर्ने रकम समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ।

(२) कल्याण कोषमा आवद्धता भएको सदस्यले पाउने सुविधा र प्रकृयाः

(क) आवद्धता भएको सदस्यको सुविधा प्राप्त गर्ने अवधि आवद्धता भएको पछिल्लो आ.व.को असोज मसान्तसम्म रहने छ।

(ख) आवद्धता भएको सदस्यले समितिबाट निम्न सुविधा प्राप्त गर्नेछन् :

अ. दुर्घटनामा परी मृत्यु भएमा निजको परिवारले रु. १,५०,०००।- (एक लाख पचास हजार)[८] रकम प्राप्त गर्नेछन्।

आ. दुर्घटनामा परि पूर्ण अशक्त र पूर्ण अपाङ्ग भएमा रु. ५०,०००।- (पचास हजार) रकम प्राप्त गर्नेछ।

इ. दुर्घटनामा परि उपचार गर्नु पर्दा उपचार खर्च वापत चिकित्सकको सिफारिस अनुसारको उपचार खर्च मात्र हुने गरी बिल अनुसार बढीमा रु. २५,०००।- (पच्चीस हजार)[८] सम्म रकम प्राप्त गर्नेछ।

ई. चिकित्सकको प्रमाणित कागजात अनुसार मृगौला, मुटु, क्यान्सर, रेनल फेलर, अल्जाइमर, पार्किन्सिन, हेड/स्पाइनल इन्जुरी, सिक्कल सेल एनिमिया र स्ट्रोक जस्ता रोगको उपचारका लागि एकमुष्ट रु. २५,०००।- (पच्चीस हजार)[८] रकम प्राप्त गर्नेछ।

उ. पूर्ण अशक्त र पूर्ण अपाङ्ग वापत पाउने रकम प्राप्त गरि सकेपछि सोहि आवद्धता अवधिभित्र मृत्यु भएमा उप-निर्देशिका (२)(ख) अनुसारको सुविधा दिईने छैन।

ऊ. सदस्यले पाउने सविधा पाप्त गर्नु अघि सम्वन्धित जिल्ला/विभागीय कार्य समितिको अध्यक्ष र सचिवले किटानीका साथ समितिमा लिखित सिफारिस गर्नु पर्नेछ र आवश्यक प्रमाणहरू सहित समितिमा माग दावी गर्नु पर्नेछ।

(ग) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो निर्देशिका जारी भएपछि पहिलो पटकलाई समितिमा जिल्ला/विभागीय कार्य समितिबाट कम्तीमा रु. ५,०००।- (पाँच हजार) आवद्ध सदस्यको रकम सहितको विवरण प्राप्त भएपछि कुल संख्याको विवरण प्रमाणित गरेको मिति देखि मात्र कल्याण कोषको सुविधा प्राप्त हुने व्यवस्था लागू हुनेछ।

## परिच्छेद – ४

६. **लागू हुने र संशोधन हुने** : संगठन केन्द्रीय कार्य समितिले पास गरेको मिति देखि लागू हुनेछ र आवश्यकतानुसार केन्द्रीय कार्य समितिले संशोधन, थपघट र परिमार्जन गरी कार्यान्वयन गर्न सक्नेछ।

७. **उप–समिति गठन गर्न सकिने** : समितिले कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्न ५ जनाको एक उप-समिति गठन गर्न सक्नेछ। उप-समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कल्याण कोषमा आवद्धता भएका सदस्यहरूको विवरण संकलन गर्ने र रेकर्ड कायम गर्ने।

(२) आवद्धता भएका सदस्यको दुर्घटना सम्बन्धी प्राप्त निवेदन माथि छानविन गर्ने, सोधपुछ गर्ने र निर्देशिका अनुसार सुविधा प्राप्त हुने रहेछ भने भुक्तानीका लागि सिफारिश गर्ने।

(३) कोषमा रहेको रकम निर्देशिका अनुसार थप आय आर्जन गर्न सक्ने योजना तयार गरी सुझाव सहित समितिमा पेश गर्ने।

(४) उप-समितिको वैठक आवश्यकतानुसार वस्ने छ।

८. **सविधा सम्बन्धी निर्णय** : यस निर्देशिका अनुसार कल्याण कोषमा आवद्धता भएका सदस्य र सदस्यको परिवारलाई सविधा दिने, नदिने, तथा परिस्थितिजन्य अधिक संख्याको ठूला दुर्घटना, प्राकृतिक प्रकोपजन्य दुर्घटनाजस्तो अवस्थामा कल्याण कोषको आर्थिक अवस्था हेरी आंशिक रुपमा वा दामासाहीको रुपमा सविधा भक्तानी गर्ने समितिलाई अधिकार हुनेछ। समितिले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद – ५
# विविध

९. **विविध :**

(१) यो निर्देशिका लागू हुनु भन्दा अगाडि जिल्ला/विभागीय कार्य समितिहरूले सदस्यता वितरण वा नविकरण गर्दा लिइएको वीमा वापतको रकममा यो निर्देशिका अनुसारको नपुग रकम सदस्यबाट थप गरी कर्मचारी कल्याण कोषमा आवद्धताका लागि नाम नामेसी सहितको विवरण समितिमा पठाउनु पर्नेछ।

(२) हाल प्रचलनमा रहेको संगठन सदस्यता रसिदमा रहेको "बीमा" भन्ने शब्दलाई "कर्मचारी कल्याण कोष" भन्ने बभ्mनु पर्दछ।

●●●

केन्द्रीय कार्य समितिको तेस्रो बैठकबाट स्वीकृत।
मिति : २०७४/१०/६ गते।
**दोस्रो संशोधन एघारौं राष्ट्रिय महाधिवेशन २८-२९ फागुन २०७८।*

## संगठनद्वारा सञ्चालित महत्वपूर्ण आन्दोलन :

१. २०४७ मंसिर २६- पुस ५ सम्म ९ दिन ।

२. २०४८ असार १६-भाद्र ८ सम्म ५६ दिन । सो आन्दोलनमा काठमाडौं र बाँकेमा अनसन सञ्चालन भएको थियो । जसमा श्री प्रेम पराजुली, श्री शोभाकान्त न्यौपाने, श्री गजाधर यादव, श्री दिपक देवकोटा, श्री जीवन पाण्डे, श्री मधुसुधन खरेल, श्री मानबहादुर बस्नेत लगायतका.स.ाथीहरू आमरण अनसनमा बस्नु भएको थियो । उहाँहरूलाई संगठनको जिउँदो शहीदको रूपमा सम्मान गरेको छ ।

३. तलब आयोग, २०५७ (लोक बहादुर श्रेष्ठ) कार्यान्वयन गराउन देशव्यापी भण्डाफोर सहीत हस्ताक्षर संकलन (५२ हजार हस्ताक्षर संकलन) ।

४. २०५९ संगठन विरोधी दौडाहा टोली खारेजीको लागि भण्डाफोर अभियान ।

५. २०६२ असार ३० कालो दिन घोषणा : निरंकुश शाही शासनकालमा निजामती सेवा ऐन अध्यादेश मार्फत जारी गरी निजामती क्षेत्रको एकमात्र पेसागत संगठन नेपाल निजामती कर्मचारी संगठनमाथि प्रतिवन्ध लगाएको हुँदा ।

६. २०६२ श्रावण ७ गते निरंकुशतन्त्र विरुद्ध विरोध प्रदर्शन ।

७. २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिको सहयात्री भई प्रजातन्त्र, मानव अधिकार र शान्तिको पक्षमा पेसाकर्मीहरूको तर्फबाट नेतृत्वदायी भूमिका निभाएको (तत्कालीन ७ राजनीतिक पार्टी र नेकपा माओवादी पार्टीका शीर्षस्थ नेताहरू र पेसाकर्मीहरूबीच जनक्रान्तिलाई सघाउने विषयमा सम्झौता । उक्त सम्झौतामा उपसचिवसम्मलाई ट्रेड युनियन अधिकार दिने र कर्मचारीले आन्दोलनलाई हरतरहले सघाउने सम्झौता भएको थियो ।

८. गणतन्त्र नेपालको स्थापनामा महत्वपूर्ण योगदान रहेको ।

९. निजामती सेवामा २४(घ) १ बढुवा र सोको व्यवस्थापनमा महत्वपूर्ण भूमिका रहेको ।

## नेपाल निजामती कर्मचारी संगठनले उठान गरेका विषय

- ट्रेड युनियन अधिकारको व्यवस्थापन,
- क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको ग्यारेण्टी,

- भ्रष्टाचार विरोधी आन्दोलन तथा सदाचारको सवलीकरण,
- सेवा प्रवाहमा निष्पक्षता, तटस्थता, अनुशासित र चुस्तता कायम गर्ने,
- समयवद्ध बढुवा प्रणालीको व्यवस्था,
- सरुवा प्रणालीमा स्वःचालित, वैज्ञानिक र चक्रिय व्यवस्था,
- तलब भत्तामा सामयिक सुधार,
- श्रेणी विहिनताको अन्त्य गरी स्तरवृद्धि,
- तहगत प्रणाली,
- निजामती कर्मचारीसँग सम्वन्धित सवालहरूमा प्रतिनिधित्व,
- जीवन र कार्यस्थलको सुरक्षा,
- लोकतन्त्र र गणतन्त्रको स्थायित्वको पक्षमा क्रियाशील,
- शान्ति, सम्बृद्धि र सुशासनको पक्षमा क्रियाशील,
- वैज्ञानिक र चक्रिय सरुवा र बढुवा प्रणालीको प्रयास आदी ।

## नेपाल निजामती कर्मचारी संगठनले प्राप्त गरेका उपलब्धि

- ट्रेड युनियन अधिकार प्राप्ति,
- विगतमा कर्मचारी संगठनले सञ्चालन गरेको पेसागत आन्दोलनमा सहादत प्राप्त गर्नुहुने मनोज जोशी (खोटाङ्ग), झपेन्द्र कार्की (कास्की) र सुरेन्द्र वि.क. (मुगु) लाई २०७४ माघ २२ गते नेपाल सरकारको निर्णयबाट राष्ट्रिय शहीद घोषणा गर्न सफल,
- संगठनका सदस्यलाई प्रशिक्षणको माध्यमबाट प्रभावकारी सेवा प्रवाहमा उत्प्रेरित गरेको,
- प्रशिक्षणको माध्यमबाट राष्ट्रसेवकलाई भ्रष्टाचार न्यूनीकरण गर्न योगदान गरेको,
- निजामती सेवा ऐनको बढुवा प्रणालीमा सुधार,
- तलब भत्ता सुविधामा सुधार,
- विमा कोषको व्यवस्था,

- कडा रोग लागेमा राज्यबाट थप उपचार खर्चको व्यवस्था,
- निजामती कर्मचारी सन्तती छात्रवृत्तिको व्यवस्था,
- निजामती विद्यालय स्थापना,
- निजामती आवास व्यवस्थाको शुरुवात,
- निजामती अस्पतालको स्थापना,
- ६९ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था सञ्चालन,
- महिला विकासका कर्मचारीहरूको स्थायी,
- सदस्यको सामाजिक सुरक्षाको लागि दुर्घटना हुँदा उपचार खर्च रु.२५,०००।- सम्म र मृत्यु भएमा रु. १,५०,०००/- संगठनबाट उपलब्ध गराउने गरि कर्मचारी कल्याण कोष स्थापना।
- सामाजिक एवं रचनात्मक क्रियाकलाप मार्फत समाजमा योगदान,
- देशभरका सबै प्रदेश, जिल्ला/विभागीय स्तरमा सांगठनिक सञ्जाल निर्माण,
- २५ जिल्लामा संगठनको जग्गा (घडेरी), १५ जिल्लामा भवन,
- आधिकारिक ट्रेड युनियनको निर्वाचनमा देशभर सर्वश्रेष्ठता हासिल,
- १ दिनको तलब रकम बराबर १ ग्रेडको व्यवस्था,
- सरकारी बजेटमा "राष्ट्रसेवक हाइड्रो" निर्माण गर्ने योजना स्वीकृत,
- निजामती सेवामा समावेशीकरण,
- आंशिक रूपमा क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको शुरुवात,
- सहकारी ऐनमा कर्मचारीले सहकारी सञ्चालन गर्न पाउने बैधानिक व्यवस्था,
- श्रम ऐनमा कर्मचारीलाई श्रम ऐन लागू नहुने सरकारी प्रयत्न विफल भई संसदबाट पास,
- समायोजन ऐनमा संगठनका अधिकांश मागहरू समावेश भएको आदि।
- दक्षिण एशियामै नेपालमा पहिलो पटक निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्पन्न र नेपाल निजामती कर्मचारी संगठनको केन्द्र सहित ६८ प्रतिशत समितिमा सानदार विजय हासिल,

- Trade Union International, Public Service and Allied (TUI-PS) को १२औं कंग्रेस नेपालमा सम्पन्न गर्न सफल,
- नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय कार्यालयको भवन निर्माणको लागि का.म.न.पा. ११, बबरमहल काठमाडौंमा सरकारी जग्गा प्राप्त गरी सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति केन्द्रीय भवन निर्माण कार्य सम्पन्न,
- संगठनको पहलमा निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन, २०६४ देखि २०६८ सम्म झण्डै २४ हजार कर्मचारीको बढुवा र व्यवस्थापन गर्न सफल,
- श्रेणी विहिन कर्मचारीको स्तरवृद्धि लागू,
- निजामती सेवामा समावेशिकरण,
- निजामती कर्मचारीका लागि पोशाकको व्यवस्था,
- कडा रोग लागेमा राज्यबाट थप ५ लाख आर्थिक सहयोगको व्यवस्था,
- समान रुपमा तलब भत्ताको वृद्धि,
- निजामती सेवा ऐन, २०४९ को दफा २४घ (१) अनुसार बढुवा भएका कर्मचारीको पद अनुसार कार्य गर्न पाउने बढुवा व्यवस्थापन भएको ।
- सदस्यतासँग कर्मचारी कल्याण कोष कार्यक्रम कार्यान्वयन गरिएको, क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको विषय सरकारी तवरबाट निर्णय गराउन सफल,
- सहकारी सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक २०७३ मा राष्ट्रसेवक कर्मचारीले सहकारीमा सदस्य बन्न र संचालक बन्न नपाउने गरी आएकोमा विद्येयकलाई संगठनको व्यापक दवाव र लविङ्गबाट कर्मचारी भन्ने वाक्यांश हटाई ऐन पास गराउन सफल

**धन्यवाद !**